# "प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"

नेपाल सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

## कृषि विभाग

हरिभरभवन, ललितपुर

"प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"

**प्रस्तावना**

बढ्दो जनसंख्यासँगै तीव्र रुपमा बृद्धि भईरहेको कृषि वस्तुहरुको माग पूर्ती गर्न कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्ने क्रममा कृषि क्षेत्रमा व्यवसायीकरणमा वृद्धी भै रहेको छ । कृषि उपजको बढ्दो माग र सीमीत खेतीयोग्य जमीनका कारण उत्पादन र उत्पादकत्व वृद्धि गर्न व्यावसायीक क्षेत्रहरुमा आयातित रासायनिक मल एवम् विषादीको अनियन्त्रित र असन्तुलित प्रयोग भईरहेको छ।फलस्वरुप, माटोको अम्लियपना वृद्धि हुनाका साथै माटोको संरचना रुखो एवं कडा हुँदै गईरहेको छ भने जैविक विविधताको ह्रास तथा वातावरणमा समेत प्रतिकूल असर परीरहेको छ । बालीलाई रोग कीराबाट जोगाउन प्रयोग गरिने विषादीहरुको अवैज्ञानीक ढङ्गबाट प्रयोग हुँदा उत्पादित वस्तुहरु विषाक्त रुपमानै बजारीकरण भई आम उपभोक्ताहरुले प्रयोग गरिरहेका तथ्य बाहिर आईरहेका छन् । तसर्थ आयातित रासायनिक मल एवम् विषादीको वढ्दो प्रयोग तथा सो को अवशेषवाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै स्वस्थ कृषि उपज उत्पादन गर्नु आजको आवश्यकता भएको छ । स्थानीय प्राकृतिक श्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दीगो कृषि उत्पादन मार्फत कृषि क्षेत्रका साथै समग्र मुलुकको आर्थिक विकास गर्ने लक्ष्य हाँसिल गर्न प्राङ्गारिक कृषि प्रणालीले महत्वपूर्ण भूमीका निर्वाह गर्न सक्ने देखिन्छ । एकातर्फ नेपालको भौगोलिक अवस्था, जलवायुको विविधता, अवलम्बन गरिएको खेती प्रणाली एवं कृषि कर्ममा उत्पादन सामग्रीको प्रयोगको अवस्था आदिका कारणले प्राङ्गारिक खेती प्रणालीको संभावना रहेको पाइन्छ भने अर्कोतर्फ आन्तरिक उपभोक्ताहरुको स्वास्थ्य प्रतिको सजगता, क्रय शक्तिमा भएको बृद्धी, स्थानीय वालीहरुको प्रयोगमा रुची आदिले गर्दा आन्तरिक बजारमा सुरक्षित उपजको माग बढ्दै गएकोले नेपालमा प्राङ्गारिक उत्पादन र वजारीकरणको संभावनामा समेत वृद्धी भएको छ । यसका अलावा अन्तर्राष्ट्रिय बजारहरुमा समेत प्रमाणित प्राङ्गारिक उपजहरुको माग बढ्दै गएकोले उत्पादित प्राङ्गारिक उपजहरुको बजार मागमा समेत वृद्धी हुने देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानको भाग-४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दीगो उत्पादनको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छ। साथै "दिगो विकास लक्ष्य २०१५-२०३०", राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३, चालु १४ औ त्रि-वर्षिय योजना, एवं कृषि विकास रणनिति २०७२ जस्ता निर्देशक नीतिहरुमा समेत प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिएको छ । यसका अलावा "आ.व. २०७५/७६ को वजेट वक्तव्य", "कृषि, पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी क्षेत्र रूपान्तरणको मार्गचित्र, २०७५", आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम मार्फत नेपाल सरकारले प्राङ्गारिक उत्पादन गर्ने कार्यलाई प्राथमिकता दिई युवा कृषकहरुलाई प्राङ्गारिक खेतीमा आकर्षित गर्ने लक्ष्य अङ्गिकार गरेको छ । उक्त कार्यलाई मूर्तरुप प्रदान गरी प्राङ्गारिक कृषि उत्पादन कार्यलाई अभियानको रुपमा लैजानको लागि आ.व.२०७५/७६ मा बजेट समेत विनियोजन रहेको छ । यसर्थ देशमा प्राङ्गारिक कृषि उत्पादन र बजारीकरणको पूर्ण मूल्य श्रृङ्खलाको विकासमा सहयोग गर्न तथा

उत्पादक र उपभोक्ता वीच दीगो सम्बन्ध बनाई दीर्घकालीन प्राङ्गारिक कृषि उत्पादन, बजारीकरण र उपभोगका लागि सहज रुपमा कार्यक्रम संचालन गर्न नेपाल सरकारद्वारा यो **"प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"** लागू गरीएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम **"प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"** रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकारवाट स्वीकृत भएको मितीबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"प्राङ्गारिक कृषि"** भन्नाले दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली, सुरक्षित, गुणस्तरीय तथा पोषणयुक्त खाना, प्राणी जातिको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रक्रियाहरुको एकिकृत उपागमलाई जनाउँदछ।

(ख) **"प्राङ्गारिक खेती"** भन्नाले प्राङ्गारिक कृषि प्रणाली अपनाई गरिएको कृषि वस्तुलाई जनाउदछ भने "प्राङ्गारिक तरकारी खेती" ले तरकारी, मसला तथा आलु खेतीलाई, "प्राङ्गारिक फलफूल खेती" ले फलफूल, चिया तथा कफि र "प्राङ्गारिक खाद्यान्न खेती" ले खाद्यान्न, तेलहन तथा दलहन खेतीलाई जनाउदछ।

(ग) **"प्राङ्गारिक कृषि उत्पादन"** भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ। सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागीतामा स्थानीय परिवेश अनुसार तयार गरिएको मापदण्ड बमोजिम उत्पादित तरकारी, खाद्यान्न तथा फलफूल उत्पादन समेतलाई जनाउँछ ।

(घ) **"प्राङ्गारिक उत्पादन"** अर्थात **"Organic Certified Product"** भन्नाले "सम्बन्धन प्राप्त प्रमाणीकारण निकाय" ले प्रमाणीत गरी प्राङ्गारीक उत्पादनको लोगो लगाएको उत्पादन सम्झनुपर्दछ।

(ङ) **"प्राङ्गारिक रूपान्तरण उत्पादन" अर्थात 'Organic in-conversion product"** भन्नाले "सहभागीतामूलक गुणस्तर निर्धारण प्रणाली" र "आन्तरिक नियन्त्रण प्रणाली" अन्तर्गत उत्पादित स्वघोषित उत्पादन सम्झनु पर्दछ।

(च) **"रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन" अर्थात "Product without Use of Chemical Pesticide"** "PWUCP" भन्नाले रासायनिक विषादी प्रयोग नगरी सुरक्षित उत्पादन गर्दै कम्तीमा

आगामी ६ वर्ष भित्र प्राङ्गारिक उत्पादन गर्ने प्रतिबद्धता जाहेर गरेको प्राङ्गारिक खेतीतर्फ उन्मुख उत्पादक वाट उत्पादित स्वघोषित उत्पादन सम्झनुपर्दछ।

(छ) **"परम्परागत कृषि उत्पादन"** अर्थात **"Traditional Agriculture Product" "TAP"** भन्नाले रासायनिक पदार्थ अनुपस्थित क्षेत्रवाट उत्पादन भएको रैथाने तथा स्थानीय जातका वालीहरुको स्वघोषित उत्पादनलाई सम्झनुपर्दछ।

(ज) **"प्रमाणीकरण निकाय"** भन्नाले सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्राप्त गरेको प्रमाणीकरण निकाय जसले प्राङ्गारिक पदार्थ भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, लेवलिङ्ग र आयात क़ार्यको मूल्यांकन गर्ने गर्दछ।

(झ) **"प्रमाणीकरण"** भन्नाले अग्रीमरुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरु पुरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चितता सम्झनुपर्छ।

(ञ) **"प्राङ्गारिक उत्पादन क्षेत्र"** भन्नाले प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार खेती प्रणाली अपनाईएको उत्पादन क्षेत्र सम्झनुपर्छ।

(ट) **"प्रमाणीकरण चिन्ह"** भन्नाले प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा आवश्यक पर्ने शर्तहरु पुरा गरेको प्रमाणित गर्नका लागि दिइने चिन्ह सम्झनुपर्छ।

(ठ) **"निरीक्षक"** भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धीत प्राङ्गारिक कृषि उत्पादनको उत्पादन, प्रशोधन तथा वितरण प्रक्रिया निरीक्षण गर्नका लागि तोकिएको व्यक्ति सम्झनुपर्छ। सो शब्दले मूल्याङ्कनकर्ता समेतलाई जनाउँछ ।

(ड) **"सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली"** वा **"Participatory Guarantee System"** वा **"PGS"** भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागीतामा स्थानीय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनुपर्छ।

(ढ) **"आन्तरिक नियन्त्रण प्रणाली"** वा **"Internal Control System"** वा **"ICS"** भन्नाले उत्पादकहरूलाई संगठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा पहुँच बढाउन तथा प्रमाणीकरणको खर्च घटाउन उत्पादकहरु बाटै गरिने सामुहिक प्रमाणीकरणको प्रकृया सम्झनुपर्छ।

(ण) **सम्भाग १:** रासायनिक पदार्थ अनुपस्थित निर्वाहमुखी वा अर्ध व्यावसायिक क्षेत्र (By Default Organic Area ) भन्नाले जमीनमा कुनै रासायनिक पदार्थहरुको प्रयोग नभएको, स्थानीय जात तथा रैथाने वालीहरु उत्पादन भैरहेको, तुलनात्मकरुपमा कम उत्पादकत्व भएको, न्यूनतम प्रयासले पूर्ण प्राङ्गारिक क्षेत्र घोषणा गर्न सकिने, निर्वाहमुखी वा अर्ध व्यासायीकरुपमा खेती भैरहेका, शहरी क्षेत्रबाट टाढा रहेका क्षेत्रहरु सम्झनुपर्दछ ।

(त) **सम्भाग २:** शहर आसपासका व्यावसायीक उत्पादन क्षेत्र (Peri-Urban Area) भन्नाले खेती प्रविधिमा रासायनिक विषादीहरुको अनियन्त्रित तथा असन्तुलित प्रयोग भईरहेको, तत्काल पूर्ण प्राङ्गारिकमा

जान कठीन, सघन खेती प्रणाली भएका, प्रति इकाई बढी उत्पादकत्व भएका, सिंचाई तथा सडकको सहज पहुच भएका व्यावसायीकरुपमा खेती भइरहेका शहर आसपासका क्षेत्रहरुलाई सम्झनुपर्दछ ।

(थ) **कार्यान्वयन इकाईः** कार्यान्वयन इकाई भन्नाले मिशन कार्यक्रम सन्चालनको लागि मुख्य रुपमा जिम्मेवार कृषि विभाग मातहतमा रहने केन्द्रीय मिशन कार्यक्रम कार्यान्वयन इकाईलाई बुझाउँछ ।

(द) **कृषक पहिचान चिन्हः** परिक्षण कार्यक्रम सञ्चालन गर्ने कृषक समुहले आफ्नो उपज पहिचानको लागी प्रयोग गर्ने चिन्हलाई बुझाउँछ ।

## ३. कार्यक्रमको उद्देश्यं

(१) रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै सुरक्षीत कृषि उपजको उत्पादन तथा बजारीकरण प्रवर्द्धन गर्ने।

(२) व्यवसायीक रुपमा कृषि उत्पादन भइरहेका क्षेत्रमा रासायनिक मल तथा विषादीको प्रयोग क्रमशः न्यूनीकरण गर्दै प्राङ्गारिक खेतीतर्फ उन्मुख गराउने।

(३) निर्यातमुखी कृषि उपजहरुको प्राङ्गारिक उत्पादन एवं प्रमाणीकरणका लागि सहयोग गरी निर्यात प्रवर्द्धन गर्ने ।

(४) व्यावसायीक प्राङ्गारिक तथा रैथाने वालीहरुको उत्पादन र वजारीकरणवीचको दूरीलाई कम गर्दै विशेष प्राङ्गारिक मूल्य श्रृङ्खलाको विकास गर्ने ।

(५) प्राङ्गारिक उत्पादनका लागि आवश्यक पर्ने गुणस्तरीय प्राङ्गारिक मल, वीउ, जैविक विषादी, सुरक्षित उत्पादन संरचना आदीको व्यस्था गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने।

(६) व्यावसायीक प्राङ्गारिक खेतीद्वारा रोजगारीको श्रृजना र आय आर्जनमा वृद्धि ल्याउन ग्रामीण एवं शहर आसपासका कृषकहरुलाई संगठीत गर्ने ।

४. रणनीति

(१) प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित र उपलब्धिमूलक रुपमा संचालन गर्न नेपाल सरकारद्वारा देहाय बमोजिमका रणनीतिहरु अबलम्वन गरिनेछन् -

(क) देशको भौगोलिक स्थिती, खेती प्रणाली र व्यवसायीकरणको तुलनात्मक अवस्था, उत्पादन सामाग्रीको उपलव्धता र प्रयोग, परम्परागत ज्ञान र सीपको आधारमा मुख्यतः निम्न लिखीत दुई क्षेत्रहरुलाई संभागको रुपमा वर्गीकरण गरी कार्यक्रम संचालन गरीनेछः

(ख) संभाग १: रासायनिक पदार्थ अनुपस्थित निर्वाहमुखी वा अर्ध व्यावसायिक उत्पादन क्षेत्रहरु (By Default Organic Production Area )

(ग) संभाग २: शहर आसपासका व्यावसायीक उत्पादन क्षेत्र (Peri-Urban Production Area)

(घ) सहकारी तथा सामूहिक प्राङ्गारिक उत्पादन एवं बजारीकरणलाई प्रवर्द्धन गर्दै वृहत प्राङ्गारिक उत्पादन क्षेत्र (Cluster वा zone) निर्माण गरीनेछ ।

(ङ) आगामी वर्षहरुमा प्रभावकारी ढंगले कार्यक्रम संचालन गर्न प्राङ्गारिक उत्पादन क्षेत्रफल, उत्पादन, उत्पादकत्व, उत्पादन एवम् बजारीकरणमा संलग्न कृषक, फार्म/कम्पनी, उत्पादन सामाग्री आपूर्तीकर्ता आदीको अभिलेख राखीनेछ ।

(च) संभाग १ अन्तर्गतका क्षेत्रहरुमा खाद्यान्न, तरकारी तथा फलफूलवाली लगायतका स्थानीय जातहरु, रैथाने वालीहरुको क्षेत्र विस्तार, उत्पादन तथा उत्पादकत्व वृद्धि तथा यस्ता वालीहरुको मागमा बृद्धि गर्न बजार प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरीनेछ ।

(छ) प्राङ्गारिक उत्पादनको लागी आवश्यक पर्ने उत्पादन सामाग्री उत्पादन, आयात र वितरण तथा प्राङ्गारिक उपजको बजारीकरणमा नीजी क्षेत्रलाई प्रोत्साहन गरीनेछ ।

(ज) देशमा हाल भैरहेको उत्पादन प्रणालीलाई मध्यनजर गर्दै भविष्यमा **पूर्ण प्राङ्गारिक** को लक्ष्य सहित कृषि उपजलाई निम्न ४ किसीममा वर्गीकरण गरी उत्पादन एवं बजारीकरण गरीनेछ -

(१) "प्राङ्गारिक उत्पादन" अर्थात "Organic Certified Product" "OCP"

(२) "प्राङ्गारिक रूपान्तरण उत्पादन" अर्थात "Organic in-conversion product" "OICP"

(३) "रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन" अर्थात "Production without use of Chemical Pesticides" "PWUCP"

(४) "परम्परागत कृषि उत्पादन" अर्थात "Traditional Agriculture Product" "TAP"

सचिव

## प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम तथा संचालन विधि

५. कार्यक्रम लागु हुने क्षेत्र र समयावधिः

(१) यो कार्यक्रम आ.व. २०७५/७६ देखि लागु भई कम्तीमा ५ वर्षको लागी संचालन गरीनेछ । त्यस पश्चात सम्भाव्यता र कार्यक्रमको नतिजा हेरी आवश्यक परेमा परिमार्जन सहित लागु गरीनेछ ।

(२) प्रदेशस्तरबाट संचालन गरीने क्रियाकलापहरु शुरुको वर्ष अर्थात आ.ब. २०७५/७६ मा प्रदेश नं ३ र गण्डकी प्रदेशका संभाग १ र संभाग २ का क्षेत्रहरुमा लागु गरीनेछ र आगामी वर्षहरुमा संम्भाव्यता, कार्यक्रमको प्रभावकारिता र विनियोजित बजेटका आधारमा अन्य प्रदेशहरुमा क्रमैसंग विस्तार गर्दै लगिनेछ ।

(३) त्यसैगरी संघीयस्तरबाट संचालन हुने क्रियाकलापहरुको प्रकृती र आवश्यकता हेरी देशैभरी लागु गरिनेछ ।

६. कार्यक्रममा छनौट गरिने वालीहरु

(१) संभाग १ अन्तर्गतका क्षेत्रहरुमा रैथाने तथा स्थानीय जातका खाद्यान्न, तरकारी, मसला, फलफूल लगायतका वालीहरुलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरीनेछ ।

(२) संभाग २ अन्तर्गतका क्षेत्रहरुमा विशेष गरी आलु, तरकारी, मसलावाली तथा केरा, मेवा जस्ता फलफूल बालीलाई छनौट गरी कार्यक्रम संचालन गरीनेछ ।

७. संचालन हुने क्रियाकलापहरु

(१) सम्भाग १ अन्तर्गत रैथाने तथा स्थानीय जातका खाद्यान्न, तरकारी तथा फलफूल वालीको उत्पादन तथा बजार प्रवर्द्धन सम्बन्धी देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरीनेछ -

(क) **सचेतना अभिवृद्धि (Awareness Creation)** - यस कार्यक्रम अन्तरगत रैथाने बालीको महत्व तथा यि बालीले खाद्य तथा पोषण सुरक्षामा पुर्याउने योगदानबारे आम मानिसमा सचेतना जगाउन संचालन गरिनेछ । तालिम, अन्तरक्रिया, छापा तथा विद्युतीय संचार माध्यम मार्फत् प्रचार प्रसार आदि यस अन्तरगत संचालन हुने मूख्य क्रियाकलापहरु रहेका छन् । यस अन्तर्गत संचालनहुने कार्यक्रमहरु निम्नानुसार रहेका छन् -

(१) महिला स्वास्थ्य स्वयंसेवक तथा आइ पि एम सहजकर्ताहरुलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी ३ दिने तालिम

(२) स्थानीय तथा राष्ट्रिय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारी मूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदी)

सचिव

(३) ख्याती प्राप्त कलाकार/राष्ट्रिय व्यक्तित्वसँगको सहयोगमा सूचना तथा सन्देश उत्पादन प्रशोधन र प्रसारण

(४) कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरु बीच अभिमूखीकरण गोष्ठी

(५) Nutrient Analysis गरी सचेतना कार्यक्रम संचालन : यो क्रियाकलाप खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँगको समन्वयमा संचालन हुने

**(ख) उत्पादन सामाग्री आपूर्ती तथा प्रविधि (Input supply and Technology)** — यस क्रियाकलामा कृषक समूह, सहकारी, निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति समावेश हुन सक्नेछन् । अनुदानमा बीउ प्राप्त गर्न कृषकको हकमा कम्तीमा ५ रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिको हकमा क्लष्टरमा कम्तिमा २० रोपनीमा रैथाने बालीको खेति गरिएको **हुनुपर्नेछ** । बीउ बिजनको आपूर्ति बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट तोकिएका संस्थाबाट उपलब्ध गराइनेछ । **यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरु संचालन गरिनेछ -**

(१) रैथाने बाली उन्नत खेती प्रविधि बारे ३ दिने तालिम

(२) तालिम म्यानुअल तयारी तथा प्रकाशन

(३) ८५ प्रतिशत अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ वितरण

(४) रैथाने बालीको बीउ ढुवानीका लागि शतप्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

(५) नेपाल कृषि अनुसन्धान परिषदबाट निर्धारित कार्यविधि अनुसार प्रदर्शन तथा जातीय छनौटका क्रियाकलाप संचालन ।

(६) ८५ प्रतिशत अनुदानमा थ्रेसिङ मेसिन उपलब्ध गराउने ।

(७) प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar संचालन गर्ने

(८) Diversity Block स्थापना गर्ने : विभिन्न रैथाने बालीहरुको संकलन गरी संरक्षण गर्ने उद्धेश्यले यो क्रियाकलाप संचालन गरिनेछ । यस क्रियाकलापको संचालन सामुदायिक बीउ बैंक कार्यविधि २०६५ बमोजिम हुनेछ ।

**(ग) उत्पादन विविधकरण (Product diversification)** — **यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछ -**

(१) होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी ३ दिने तालिम संचालन ।

(२) उत्पादन विविधिकरण तालिम लिने सहभागीलाई सम्झौता गरी शत प्रतिशत अनुदानमा औजार उपकरण तथा वस्तुगत सहयोग ।

✓ अनुदान सहयोग प्राप्त गरेका सहभागीले अनिवार्य रुपमा सम्झौतामा उल्लेख भए बमोजिम रैथाने बालीको उत्पादन विविधिकरण गरी बजारमा आपूर्ति गर्नु पर्नेछ ।

✓ अनुदान लिने तथा सम्झौता बमोजिम कार्यक्रमले सहभागीलाई अनुदान दूरुपयोग गरेवापत अनुदान रकम असुल उपर गरिनेछ ।

(३) रैथाने बालीको प्याकेजिङ र लेवलिङगमा शत प्रतिशत अनुदान सहयोग ।

(४) उत्पादन विविधिकरणका लागि आवस्यक पर्ने ओभन लगायतका उपकरणमा ५० प्रतिशत अनुदान सहयोग ।

✓ यस क्रियाकलामका रैथाने बालीको प्रवर्द्धन तथा संरक्षणमा संलग्न रहेका कृषक समूह सहकारी निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिती समावेश हुन सक्नेछन् ।.

✓ रैथाने बालीको उत्पादन तथा बजारीकरणमा संलग्न कृषक समूह सहकारी निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिलाई मात्र यस किसिमको अनुदान उपलब्ध गराइनेछ ।

✓ लाभग्राहिसँग सम्झौता बमोजिम अनुदान सहयोग उपलब्ध गराइनेछ

✓ अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त गरेको सामग्री सम्बन्धित कार्यको लागि मात्र प्रयोग गर्नुपर्नेछ । अनुदान लि

(५) उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम

✓ यो क्रियाकलाप अन्तरगत समूह, सहकारी, निजी उद्यमीहरु सहभागी हुन सक्नेछन् ।

✓ रैथाने बालीको उत्पादन गर्ने तथा रैथाने बालीको उत्पादन विविधिकरण गर्ने कृषक समूह, सहकारी वा सामुदायिक बीउ बैक यस कार्यक्रम संलग्न हुन सक्नेछन् ।

✓ कार्यक्रम कार्यान्वयनका लागि सूचित भएका र क्लष्टरमा रैथाने बाली उत्पादन गरी प्याकेजिङ्ग र ब्रान्डिङ गरी बजारमा उपलब्ध गराउने समूह तथा सहकारीका सदस्यहरुलाई प्रति रोपनी २ हजारका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

✓ रैथाने बालीको बीउ उत्पादनमा सहभागी हुने समूह, सहकारी र सामुदायिक बीउ बैंकका सदस्यहलाई आवश्यकता अनुसारको सुपरिवेक्षण, प्याकेजिङ्ग, लेवलिङ्ग, ट्यागिङ्ग र ब्राण्डिङ्ग गरी बीउ उत्पादन तथा वजारीकरण गरे वापत प्रति केजी उत्पादनका लागि रु ५० का दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

✓ प्रोत्साहन अनुदान प्राप्त गर्न सिफारिस गरिएको प्रविधि अपनाई रैथाने बालीको खेती गर्नु पर्नेछ ।

**(घ) बजारीकरण सहयोग (Marketing support)** — सम्भाग १ अन्तर्गतका वालिहरुको प्राङ्गारिक उत्पादनलाई वजारसम्म लैजान सहयोग पुग्ने गरी निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछ -

(१) ८५ प्रतिशत अनुदानमा रैथाने बालीका उत्पादन विक्री कक्ष (Selling Center) निर्माण

(२) सिलिङ मेशिनमा ८५ प्रतिशत अनुदान सहयोग

(३) सतप्रतिशत अनुदानमा उत्पादित बालीको प्याकिङ्ग तथा लेवलिङ्गका लागि सामाग्रीको व्यवस्था

(४) देशको संघीय राजधानीमा रैथाने बालीका उत्पादनहरुको सहज आपूर्तीका लागि मुख्य शहरहरुमा आधारिकारिक बिक्री केन्द्र निर्माण सहयोग

(५) खाद्य मेला, प्रांगारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम (यस कार्यविधिको दफा ८ मा भएको व्यवस्था अनुसार)

(६) सामुदायिक बीउ बैकको स्थापना (सामुदायिक बीउ बैंक कार्यविधि, २०६५ अनुसार संचालन हुने)

(७) क्रेता र बिक्रेता बीच Buy Back Agreement तथा सञ्जाल निर्माणका लागि अन्तक्रिया गोष्ठी

**(ङ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)** — यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरु संचालन गरिनेछ -

(१) रैथानै बालीको तथ्यांक संकलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन (केन्द्र तथा जिल्लास्तरमा)

(२) रैथाने बाली प्रवर्द्धन तथा अभिलेखिकरण राष्ट्रिय स्तरको गोष्ठी संचालन

(३) रैथाने बाली जातीय दर्ता प्रक्रियामा सहजीकरण

(४) Image Bank को स्थापना - विभिन्न रैथाने बालीहरुको संरक्षण गर्न कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरुमा रहेका रैथाने बालीहरुका डिजिटल तस्वीरहरु संकलन गरी संरक्षण गरिनेछ । यसका लागि कार्यक्रम कार्यान्वयन हुने जिल्लाका कृषि ज्ञान केन्द्रहरुलाई मूख्य जिम्मेवार बनाइनेछ । कृषि ज्ञान केन्द्रले इमेज बैंक स्थापनाका लागि विज्ञसँग सम्झौता बमोजिम विज्ञसेवा लिन सकिनेछ ।

**(च) प्रमाणिकरण व्यवस्था**

(१) प्राङ्गारिक प्रमाणिकरणका लागि लाग्ने खर्चमा ७५ प्रतिशत अनुदान सहयोग उपलब्ध गराइनेछ ।

(२) संभाग २ अन्तर्गत देहाय बमोजिम ३ किसिमका क्रियाकलापहरु संचालन गरिनेछ -

(क) परीक्षण कार्यक्रम (Pilot Program)

(ख) संरक्षित संरचनामा उत्पादन (Protected cultivation) कार्यक्रम

(१) नयाँ संरचना निर्माण

(२) पुराना संरचनामा सुधार

(ग) खुल्ला जमीनमा उत्पादन (Open field cultivation) कार्यक्रम

(क) **परीक्षण कार्यक्रम (Pilot Program)** - यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक उत्पादन एवम् बजारीकरण प्रक्रियालाई पारदर्शी बनाई उपभोक्ताको विश्वास प्राप्त गर्नका लागी उत्पादनको उद्‌गम स्थल पत्ता लगाउन सकिने प्रमाणीकरण चिन्हको व्यवस्था सहित सुरक्षित उत्पादन उपभोक्ता समक्ष पुऱ्याउने कार्य गरिनेछ। यो कार्यक्रम प्रभावकारिताका आधारमा आवश्यक परिमार्जन सहित आगामी वर्षहरुमा विस्तार गर्न सकिनेछ।

(१) परिक्षण कार्यक्रम संचालन प्रक्रिया देहाय वमोजिम हुनेछ -

(क) यो कार्यक्रम परीक्षणको रुपमा कृषक समूह वा सहकारी मार्फत मात्र संचालन गरिनेछ। समूह वा सहकारीले उत्पादक कृषकहरु र वजारीकरण गर्ने उद्यमीहरुसंग अग्रीम सम्झौता गरेको हुनुपर्नेछ।

(ख) समूह वा सहकारीका कृषकहरुले आफुले उत्पादन गरेको वस्तु अन्तिम उपभोक्ता समक्ष पुगुञ्जेल सम्म उत्पादक कृषक एवम् स्थान पहिचान हुने व्यवस्थाका लागी अनुसूची १ मा तोकिए अनुसारको विवरण सहितको कृषक पहिचान चिन्ह राख्नुपर्नेछ।

(ग) समूह वा सहकारीले दफा ११घ मा उल्लेखित अभिलेख दुरुस्त राख्नु पर्नेछ र सम्बन्धीत कृषि ज्ञान केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(घ) यस कार्यक्रम अन्तर्गत कृषक समूह तथा सहकारीलाई प्राङ्गारिक उत्पादन सामाग्रीहरु, प्याकेजीङ्ग, ढुवानी गर्ने सामाग्रीहरु तथा लेवलिङ्गका लागि आवश्यक पर्ने सामाग्रीहरु सहयोग गरीनेछ ।

(ङ) कार्यक्रम संचालन गर्ने समूह वा सहकारी अन्तर्गतका सम्पूर्ण कृषकहरुलाई आवश्यक प्राविधिक सहयोग गर्न, उत्पादन तथा बजारीकरण प्रक्रियाको अभिलेख राख्न एवम् सम्बन्धीत कृषि ज्ञान केन्द्रसंग समन्वय गर्न एकजना प्राविधिक सहजकर्ता करारमा राख्ने व्यवस्था गरीनेछ ।

(च) यस परिक्षण कार्यक्रम सञ्चालन गर्नका लागी छनौट गरीने कृषक समूह वा सहकारीका कम्तिमा ७५ प्रतिशत कृषकहरुले पशुपालन समेत गरेको हुनुपर्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ -

(क) क्लष्टरमा भकारो सुधार तथा भर्मीकम्पोष्ट निर्माण कार्यक्रमका लागी अनुसूची २ बमोजिमको स्पेसीफीकेसन भएका संरचना निर्माण सम्पन्न गरिसकेपछी तोकीए बमोजिम अनुदान दिने ।

(ख) प्राविधिक सेवा टेवा एवम् समन्वयात्मक कार्यका लागी नेपाल सरकारले तोकेको न्यूनतम सेवा सुविधा सहित कृषि ज्ञान केन्द्रले प्राविधिक सहजकर्ता सेवा करार गरी कार्यक्रम स्थलमा मात्र कार्य गराउने ।

(ग) प्राविधिक सहजकर्ताको सेवा शर्तहरु निम्नानुसार हुने —

- प्राङ्गारीक खेती प्रविधिबारे प्राविधिक सेवाटेवा प्रदान गर्ने,
- कृषकहरुलाई जैविक विषादी एवम् शत्रुजीव व्यवस्थापन सबन्धी प्रविधि प्रसार गर्ने,

- कृषकहरुले राख्नुपर्ने अभिलेखीकरणमा सहजीकरण गर्ने,
- कृषकहरुको समस्याहरु समाधान गर्न कृषि ज्ञान केन्द्र एवम् नेपाल कृषि अनुसन्धान परिषद् संग समन्वय गर्ने,
- कृषि ज्ञान केन्द्र एवम् प्रदेश तथा संघिय निकायहरुमा प्रगती प्रतिवेदन गर्ने,
- कृषक पहिचान चिन्ह व्यवस्थापन गर्न सहजिकरण गर्ने ।

(घ) उत्पादन सामाग्रीहरु जस्तै उपयुक्त जातका बीउ, जैविक विषादी तथा विषादी बनाउने सामाग्रीहरुमा ५० प्रतिशत अनुदान ।

(ङ) उत्पादन स्थल देखि बजारिकरणका लागी प्रति सिजन एकमुष्ठ १० हजार प्रति रोपनी ढुवानी अनुदान उपलब्ध गराउने ।

(च) कृषक पहिचान चिन्हका लागी शत प्रतिशत अनुदान ।

(३) परिक्षण कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापहरु र अनुदान विवरण अनुसूची २ बमोजिम हुनेछ ।

(ख) **संरक्षित संरचनामा उत्पादन कार्यक्रम** - संरक्षित संरचनामा खुल्ला जमीनको तुलनामा रोगकीराको व्यवस्थापन सजिलो हुने र उत्पादकत्व पनि बढी हुने भएकोले यस्ता संरचनामा प्राङ्गारिक तरकारी उत्पादनलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरीनेछ ।तरकारी खेती गर्न बनाइएका पुराना प्लाष्टिक घरहरु सुधार तथा नयाँ प्लाष्टिक घर निर्माणमा अनुदान सहयोग दिइनेछ ।

**(१) नयाँ संरचना निर्माण प्रक्रिया देहाय वमोजिम हुनेछ -**

(क) उपदफा ५ बमोजिम कार्यक्रम संचालन हुने कार्यालयहरुले स्वीकृत कार्यक्रम र अख्तियारी प्राप्त भएपछि आफ्नो कार्यक्षेत्र भित्र रहेका संभाग २ अन्तर्गतका क्षेत्रहरुलाई प्राथमिकता दिई इच्छुक कृषकहरुलाई जानकारी गराउनु पर्नेछ ।

(ख) नयाँ संरचना बनाई प्राङ्गारिक तरकारी खेती गर्न इच्छुक कृषक, कृषक समूह, सहकारीहरुले तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ग) एकल कृषकको हकमा कम्तीमा १५०० वर्ग मिटर क्षेत्रफलमा बढीमा ३ वटा प्लाष्टिक घर निर्माण गर्नुपर्नेछ ।प्लाष्टिक घरमा अनिवार्य रुपमा इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ ।सामूहिक रुपमा नयाँ संरचनामा उत्पादन गर्न चाहेमा समूहका सदस्य संख्याको आधारमा प्रति सदस्य १५०० वर्ग मिटर क्षेत्रफल पर्ने गरी निर्माण गर्न सकिनेछ ।

(घ) यदि कुनै कृषक, कृषक समुह वा सहकारीले पुराना संरचना प्रयोग गर्दै आएको र पुराना संरचनामा सुधार गरी नयाँ थप गर्न चाहेमा पुराना संरचनालाई समेत समावेश गरी क्षेत्रफल गणना गर्न सकिनेछ ।

(ङ) यसरी निर्माण भएका संरचनामा उत्पादित उत्पादन अनिवार्य रुपमा दफा ४ (च) मा उल्लेखित ४ वटा किसिमहरु मध्य कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।

(च) उत्पादन क्लष्टर निर्माण गरी खुल्ला जमीन र संरक्षित संरचनामा मिश्रितरुपमा खेती गर्न चाहने समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ ।

(छ) छनौट भएका प्रस्तावहरुको आधारमा संरचना निर्माण र अन्य उत्पादन सामाग्रीहरुका लागि अनुसूची ३ बमोजिमको अनुदान प्रवाह गरीनेछ ।

**(२) पुराना संरचनामा सुधार कार्यक्रम संचालन प्रक्रिया देहाय वमोजिम हुनेछ -**

(क) पहिले नै निर्माण भै तरकारी उत्पादनको लागी प्रयोग भैरहेका प्लाष्टिक घरहरुलाई सुधार गरी रोगकीरा व्यवस्थापन सहज गर्ने उद्देश्यले यो क्रियाकलाप संचालन गरीनेछ ।

(ख) उपदफा ५ बमोजिम कार्यक्रम संचालन भएका कार्यालयहरुले स्वीकृत कार्यक्रम र अख्तियारी प्राप्त भएपछि आफ्नो कार्यक्षेत्र भित्र रहेका संभाग २ अन्तर्गतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी इच्छुक कृषकहरुलाई जानकारी गराउनु पर्नेछ ।

(ग) पुराना संरचनामा सुधार गरी प्राङ्गारिक तरकारी खेती गर्न इच्छुक कृषक, कृषक समूह, सहकारीहरुले तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(घ) पुराना प्लाष्टिक घर सुधारको लागि इन्सेक्ट नेट र अन्य सामाग्रीहरुमा अनुसूची ३ बमोजिमको अनुदान उपलब्ध गराइनेछ ।

(ङ) यसरी सुधार गरीएका संरचनामा उत्पादित उत्पादन अनिवार्यरुपमा दफा ४ (च) मा उल्लेखित ४ वटा किसिमहरु मध्य कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।

(च) उत्पादन क्लष्टर निर्माण गरी खुल्ला जमीन र सुधार गरिएका संरक्षित संरचनामा मिश्रित रुपमा खेती गर्न चाहने समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ ।

(ग) **खुल्ला जमीनमा उत्पादन (Open field cultivation) कार्यक्रम** - संभाग २ अन्तर्गतका क्षेत्रहरुमा खुला जमीनमा प्राङ्गारिक तरकारी खेतीलाई प्रवर्द्धन गर्न यो कार्यक्रम संचालन गरीनेछ । कार्यक्रम संचालन प्रक्रिया देहाय वमोजिम हुनेछ -

(१) खुल्ला जमीनमा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा १० रोपनी जमीन र सहकारी वा समूह मार्फत कम्तीमा ६० रोपनी जमीनमा खेती गर्नुपर्नेछ।

(२) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमीनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्त फर्म, समूह, सहकारीलाई प्राथमिकतामा दिइनेछ।

(३) यसरी खुला जमीनमा उत्पादित उत्पादन अनिवार्यरुपमा दफा ४ (च) मा उल्लेखित ४ वटा किसिमहरु मध्य कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।

(४) खुल्ला जमीनमा प्राङ्गारिक उत्पादन गर्न उत्पादन सामग्री लगायतका सामाग्रीहरुमा अनुसूची ३ बमोजिम अनुदान प्रदान गरीनेछ ।

८. बजार प्रवर्द्धन

(१) संभाग १ र २ अन्तर्गत उत्पादित कृषि उपजहरुको वजार प्रवर्द्धन गर्न समूह वा सहकारी को लागी संकलन, ग्रेडिङ्ग, प्याकेजीङ्ग र भण्डारणको लागी एकीकृत केन्द्र निर्माण गर्न सहयोग गरीनेछ । त्यसै गरी बजारीकरणको लागि यथास्थान बजार (On-farm Outlet), खुद्रा बजार (Retail Market) र थोक बजार (Wholesale Market) निर्माणको लागि सहयोग गरीनेछ ।

(२) वजारको सुनिश्चितताने व्यवसायीकताको महत्वपूर्ण खुट्किलो भएकाले गुणस्तरीय उत्पादनलाई सुलभ मूल्यमा उपभोक्ता समक्ष पुर्याउन प्रस्तावका आधारमा सहकारी, समूह वा फर्मलाई समावेश गरी तीन किसिमका On-farm Outlet, Retail market र Wholesale Market जस्ता वजार पूर्वाधार विकासका कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रमको लागी प्रस्तावका आधारमा कृषि सहकारीलाई प्राथमिकतामा दिई निम्न बमोजिमको शर्तमा कार्यक्रम गरिनेछ।

(३) राष्ट्रियस्तरका वजारहरूमा प्राङ्गारिक Retail र Wholesale Market स्थापना र जिल्लास्तरमा Retail market र On-farm Outlet स्थापना गर्न लागत अनुमानका आधारमा वढीमा ८० प्रतिशत सम्म अनुदान दिन सकिनेछ ।

(४) **प्राङ्गारिक On-farm Outlet निर्माण**: यस कार्यको लागी कार्यक्रम कार्यान्वयनमा संलग्न सहकारी, समूहलाई प्राथमिकता राखी वढीमा ८० प्रतिशत वा ५ लाख मध्ये जुन कम हुन्छ सोहि रकम On-farm Outlet पूर्वाधार निर्माणका लागी अनुदान प्रदान गरिनेछ । यस कार्यक्रम सञ्चालन गर्नको लागी वजार खोल्ने सहकारी वा समूह वा फर्मले कम्तीमा २० जना प्राङ्गारिक कृषि उत्पादक कृषकसंग करारनामा गरेको हुनु पर्नेछ।

(५) **प्राङ्गारीक Retail market स्थापना**: शहरका विभिन्न स्थानहरूमा उपभोक्ता समक्ष प्राङ्गारिक र सुरक्षित उत्पादन पुऱ्याउनको लागी सहकारी, समूहलाई प्राथमिकता राखी वढीमा ८० प्रतिशत वा १५ लाख मध्ये जुन कम हुन्छ सोहि रकम Retail Market पूर्वाधार निर्माणका लागी अनुदान प्रदान गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(६) **प्राङ्गारीक Wholesale market निर्माण**: प्राङ्गारिक र सुरक्षित उत्पादन लाइ दिगो तवरले उपभोक्ता माझ पुऱ्याउन र उत्पादनलाई वजार अभाव हुन नदिनको लागी कार्यक्रम सुरूवातको ३ वर्ष भित्र Wholesale market निर्माण गरिनेछ। सो कार्यका लागी ईच्छुक समुह, सहकारी तथा निजि फर्मलाई कुल लागतको ८० प्रतिशत अनुदान प्रदान गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(७) **On-farm Outlet, Retail market** को हकमा देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ -

(क) कम्तिमा ५ वर्षको करारनामा

(ख) कम्तिमा २० जना उत्पादक संग करारनामा

(ग) Retail market को हकमा न्युनतम ५० स्टल तथा On-farm Outlet को हकमा न्युनतम १० स्टल हुनुपर्ने

(८) **Wholesale Market** को हकमा देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ -

(क) निजी जग्गा वा करारमा लिएको भएमा कम्तीमा १५ वर्षको करारनामा।

(ख) EIA गरेको।

(ग) कम्तिमा १५० कृषक संग करारनामा गरेको।

(घ) कम्तिमा १५० स्टल हुनु पर्नेछ।

(ङ) प्रशस्त पार्किङ्ग स्थान भएको हुनु पर्नेछ।

(च) Cold chain maintain गरेको हुनु पर्नेछ।

(छ) RBPR laboratory भएको

(९) दुवै खालका वजारहरुको लागी हुनुपर्ने प्रावधानहरु -

(क) पानी, विजुलीको सुविधा भएको।

(ख) शौचालयको व्यवस्था भएको।

(ग) Garbage व्यवस्थापनको उचित प्रवन्ध भएको।

(१०) यसरी बनेका बजार पूर्वाधारहरुमा उत्पादकको पहिचान झल्कने कृषक पहिचान चिन्हको लेवलिङ्ग र प्याकिङ्ग भएको दफा ४ को उपदफा (१) को खण्ड (ज) वमोजिमका उत्पादनहरु मात्र विक्रि गर्नुपर्नेछ।

९. <u>क्षमता अभिवृद्धि तालिम, गोष्ठी, भ्रमण, प्रकाशन कार्यक्रम</u>

(१) उत्पादक कृषकहरु, संलग्न प्राविधिकहरु तथा अन्य सरोकारवालाहरुको प्राङ्गारिक उत्पादन, प्रमाणीकरण र बजारीकरणमा क्षमता अभिवृद्धि गर्न जिल्ला तथा केन्द्रीयस्तरमा प्राङ्गारिक उत्पादन प्रविधि, प्रशिक्षक प्रशिक्षण, प्राङ्गारिक निरीक्षक जस्ता तालिमहरु संचालन गरीनेछ ।

(२) सरोकारवालाहरु वीच समन्वय र सहकार्यको लागि राष्ट्रियस्तरको गोष्ठी, प्राविधिक ज्ञान अभिवृद्धिको लागी राष्ट्रीय तथा अन्तर्राष्ट्रीय अवलोकन भ्रमणहरु संचालन गरीनेछ।प्राविधिक ज्ञानको प्रसार गर्न प्राङ्गारिक उत्पादन प्रविधि सम्बन्धी प्रकाशनहरु तयार गरी वितरण गरीनेछ।

१०. <u>अभिलेख राख्ने</u>

(१) प्रत्येक उत्पादनकर्ताले दफा ४ को उपदफा (१) को खण्ड (ज) मा उल्लेखित ४ वटा किसिमहरु मध्ये कुन किसिमको उत्पादन गर्ने हो, सो सम्बन्धी देहाय वमोजिमका विवरणहरुको अभिलेख राख्नु पर्नेछ र उक्त अभिलेख सम्बन्धित निकायहरुले माग गरेमा देखाउनु पर्नेछ ।

(क) उत्पादन योजना,

(ख) उत्पादन सामाग्री जस्तै वीउ, मल, विषादी आदीको श्रोत, किसिम र परिमाण,

(ग) प्रयोग गरीएको समय र पटक,

(घ) उत्पादन गरीएको वाली तथा जात,

सचिव

(ङ) उत्पादन र विक्रि परिमाण,

(च) विक्रि गरीएको स्थान

(छ) लगायतका अन्य उत्पादन क्रियाकलापहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

११. <u>प्रमाणीकरण</u>

(१) आन्तरीक खपतको लागी "सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली (PGS)" र "आन्तरिक नियन्त्रण प्रणाली (ICS)" लाई जोड दिइनेछ र हाल यस पद्धतीबाट उत्पादन गरिरहेका समूह सहकारीहरुलाई कार्य निरन्तरताको लागि प्राथमिकता दिई सहयोग गरिनेछ। "PGS" र "ICS" लाई प्रोत्साहन गर्नको लागी प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम संचालन गर्ने समूह वा सहकारीलाई प्रस्तावका आधारमा वढीमा रु. १ लाख अनुदान प्रदान गरिनेछ।

(२) "PGS" र"ICS" को लागि नियुक्त भएका आन्तरिक निरीक्षक वा कृषि ज्ञान केन्द्रले तोकेको निरीक्षकले दफा ४ को उपदफा १ (ज) मा उल्लेखित "PWUCP" र "TAP" को प्रमाणीकरण गर्न सक्नेछ।

(३) यस कार्यक्रम अन्तर्गत उत्पादित उपज निर्यात लक्षित भएमा तेश्रो पक्ष प्रमाणीकरणमा सहयोग गरीनेछ। यसरी तेश्रो पक्ष प्रमाणीकरण संघीय निकायमा एकमुष्ट बजेटको व्यवस्था गरीनेछ ।तेश्रो पक्ष प्रमाणीकरणमा लाग्ने खर्चमा बढीमा ७५ प्रतिशत सम्म अनुदान दिइनेछ ।

(४) यस कार्यक्रम अन्तर्गत हुने सबै उत्पादनहरुमा निम्नानुसारको स्वघोषित प्रमाणीत संकेत हुनुपर्नेछ।

(क) उत्पादकको नामः

(ख) उत्पादन स्थलः

(ग) उत्पादन मितिः

(घ) बालीको नामः

(ङ) बालीको जात

(च) परिमाणः

(छ) उत्पादनको किसिमः

(ज) सहकारी वा समूहको नामः

(झ) ICS , PGS भएमा प्रमाणीकरण लोगो वा कृषक पहिचान चिन्हः

सचिव

## परिच्छेद-३

## प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्यवनको संरचागत व्यवस्था

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिशन कार्यक्रम व्यवस्थित र प्रभावकारी रुपमा सन्चालन गर्नको लागि केन्द्र र प्रदेशस्तरमा देहाय बमोजिमको संरचनागत व्यवस्था गरिनेछ ।

### १२. राष्ट्रिय निर्देशक समितीको गठन तथा काम, कर्तव्य र अधिकार

(१) मिशन कार्यक्रम कार्यान्वयनलाई समग्र रुपमा दिशानिर्देश गर्नको लागि देहाय बमोजिमको एक राष्ट्रिय निर्देशक समिति रहने छ ।

- (क) सचिव (कृषि तर्फ), कृषि तथा पशुपन्छी मन्त्रालय - अध्यक्ष
- (ख) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद - सदस्य
- (ग) डिन (कृषि तर्फ), कृषि तथा बन विज्ञान अध्ययन सँस्थान - सदस्य
- (घ) सहसचिव, संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
- (ङ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य
- (च) महानिर्देशक, कृषि विभाग - सदस्य
- (छ) उपमहानिर्देशक, केन्द्रिय आयोजना संयोजन ईकाई - सदस्य
- (ज) प्राँगारिक कृषि उत्पादन कार्यमा संलग्न ख्यातीप्राप्त कृषक समूह तथा सहकारीका प्रतिनिधी एक जना - सदस्य
- (झ) प्राँगारिक कृषि उपजको बजारीकरण तथा निर्यात कार्यमा संलग्न फर्म, कम्पनी, सहकारी आदिका प्रतिनिधी एक जना - सदस्य
- (ञ) प्राङ्गारिक कृषिको क्षेत्रमा कार्यरत सँघ सँस्था मध्येबाट एक जना - सदस्य
- (ट) सहसचिव, कृषि तथा पशुपन्छी मन्त्रालय (योजना तथा बैदेशिक सहायता समन्वय महाशाखा) - सदस्य सचिव

(२) यस दफाको उपदफा (१) बमोजिम गठित राष्ट्रिय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ -

- (क) मिशन कार्यक्रम कार्यान्वयनको लागि नीतिगत मार्गदर्शन एवं निर्देशन गर्ने,
- (ख) कार्यक्रम कार्यान्वयनमा आइपरेका नीतिगत समस्या समाधानको लागि नेतृत्व प्रदान गर्ने,
- (ग) अन्तर निकाय समन्वयको लागि निर्देशन र सहजीकरण गर्ने,
- (घ) मिशन कार्यक्रमको अनुगमन तथा मूल्याँकनको व्यवस्था गर्ने,
- (ङ) आवश्यकता अनुसार मिशन कार्यक्रम कार्यान्वयन सम्वन्धि कार्यविधि एवं निर्देशिकाहरु जारी तथा संशोधन गर्ने ।
- (च) कार्यक्रम संचालनका लागि कार्यक्षेत्रको आवश्कता अनुसार हेरफेर गर्ने ।

(३) राष्ट्रिय निर्देशक समितिको बैठक कम्तिमा वर्षमा दुई पटक बस्ने छ । अध्यक्षले आवश्यकता अनुसार विषयविज्ञ र अन्य सरोकारवाला निकायका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

## १३. कार्यकारी समिती गठन तथा समितिको काम, कर्तव्य र अधिकार

(१) मिशन कार्यक्रमको सामान्य सन्चालन एवं नियन्त्रणको लागि कृषि विभाग अन्तर्गत देहाय बमोजिमको एक कार्यकारी समिति रहने छ -

(क) महानिर्देशक, कृषि विभाग - अध्यक्ष

(ख) उपमहानिर्देशक (एक जना) - सदस्य

(ग) उपमहानिर्देशक, केन्द्रिय आयोजना संयोजन ईकाई - सदस्य

(घ) प्रमुख, प्लान्ट क्वारेन्टिन एवं विषादी व्यवस्थापन केन्द्र - सदस्य

(ङ) प्रमुख, राष्ट्रीय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र - सदस्य

(च) प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र - सदस्य

(छ) प्रमुख, केन्द्रिय फलफूल विकास केन्द्र - सदस्य

(ज) प्रमुख, कृषि यान्त्रिकरण प्रवर्द्धन तथा कृषि पूर्वाधार विकास केन्द्र - सदस्य

(झ) बरिष्ठ कृषि अधिकृत, केन्द्रिय आयोजना संयोजन ईकाई - सदस्य सचिव

(२) यस दफाको उपदफा (१) बमोजिमको कार्यकारी समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ -

(क) मिशन कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधिहरु तयारी तथा सँसोधन गरी राष्ट्रिय निर्देशक समितिबाट स्विकृती गराइ लागु गर्ने,

(ख) मिसन कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यान्वयन इकाईबाट तयार पारिएको क्रियाकलाप तथा बजेटलाई स्विकृती दिने,

(ग) कार्यक्रम सन्चालनको लागि आवश्यक प्राविधिक र अन्य जनशक्ति तथा लजिस्टिक सुविधाको व्यवस्थापन गर्ने, गराउने,

(घ) कार्यक्रम कार्यान्वयनको आवधिक समिक्षा गर्ने तथा राष्ट्रिय निर्देशक समिति र अन्य सम्वन्धित निकायहरुमा नियमित प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधानमा पहल गर्ने । आफ्नो प्रयासबाट सम्वोधन हुन नसक्ने समस्या भएमा राष्ट्रिय निर्देशक समितिमा पेश गरि निर्देशन प्राप्त गर्ने ।

(३) कार्यकारी समितिको बैठक कम्तिमा चौमासिक अवधिमा एक पटक बस्ने छ ।

## १४. केन्द्रिय मिशन कार्यक्रम कार्यान्वयन इकाई

(१) मिशन कार्यक्रम सन्चालनको मूख्य जिम्मेवारी कृषि विभाग मातहतमा रहने केन्द्रिय आयोजना व्यवस्थापन इकाईको हुनेछ र आवश्यकता अनुसार कृषि विभाग तथा मातहतका कर्मचारिहरुलाई कार्य सञ्चालनको जिम्मेवारि दिईने छ।

(२) दफा (१) बमोजिमको मिशन कार्यक्रम व्यवस्थापन इकाईको कार्यविवरण देहाय बमोजिम हुनेछ -

(क) कार्यान्वयवन इकाईले सन्चालन गर्ने र प्रदेश अन्तर्गतको कृषि ज्ञान केन्द्र मार्फत सन्चालन गरिने कृयाकलापहरुको छुट्टा छुट्टै बार्षिक कार्यक्रम तथा चौमासिक विभाजन तयार गरी कार्यकारी समितीबाट स्विकृतीको लागि पेश गर्ने ।

(ख) कृषि ज्ञान केन्द्र मार्फत सन्चालन गरिने कृयाकलापहरुको आवश्यक बजेट प्रवाहको व्यवस्था गर्ने,

(ग) सन्चालित कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरि नियमित रुपमा कार्यकारी समिति मार्फत तालुक निकायहरुमा प्रतिवेदन पेश गर्ने ।

(घ) कार्यकारी समिती र राष्ट्रीय निर्देशक समितिको बैठकमा पेश गरिने एजेण्डा तयार गरी बैठक बस्ने व्यवस्था गर्ने । साथै बैठकमा पेश गरी निर्णय गर्नुपर्ने विषयमा आवश्यक तयारी गर्ने,

(ङ) अनुगमन तथा मूल्याँकन समितिको लागि आवश्यक लजिष्टिकको व्यवस्था गर्ने,

(च) कार्यकारी समितिको सचिवालयको कार्य गर्ने ।

१५. <u>कृषि ज्ञान केन्द्रको भूमिका</u>

(१) प्रदेशस्तरमा मिशन कार्यक्रम कार्यान्वयन कृषि ज्ञान केन्द्र मार्फत हुनेछ ।

(२) मिशन कार्यक्रम सन्चालन हुने जिल्ला कमाण्ड क्षेत्र हुने कृषि ज्ञान केन्द्रले प्रदेश कृषि विकास निर्देशनालय समेतको निर्देशन लिई सम्वन्धित स्थानीय तहसंगको समन्वयमा कार्यक्रम सन्चालन गर्नेछन् ।

(३) प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम संचालनका सन्दर्भमा कृषि ज्ञान केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ -

(क) दुई वा दुई भन्दा बढी स्थानीय तहहरु समेटी वर्तमान कृषि उत्पादन प्रणालीलाई आधार मानी तथा भविष्यमा विस्तारको सम्भावना समेतको आधारमा प्राङ्गारिक उत्पादनको बृहत (Production Zone) उत्पादन क्षेत्र तोक्ने,

(ख) सम्वन्धित गाउँपालिका÷नगरपालिकाहरुलाई कार्यक्रम सन्चालनको मोडालिटीबारे जानकारी गराउने,

(ग) यस कार्यविधि अनुसार छनौट भएका व्यक्ति तथा कृषक समूह÷सहकारीहरु मार्फत उत्पादन, बजारीकरण तथा प्राँगारिक खेति प्रवद्र्दनका अन्य कृयाकलापहरु कार्यविधि अनुसार सन्चालन गर्ने,

(घ) सन्चालित कार्यक्रमको नियमित अनुगमन गरि कार्यान्वयनमा बाधा व्यवधान आइपरेमा समाधानका इकाई समक्ष पेश गर्ने,

(ङ) तोकिएको ढाँचामा नियमित प्रगति प्रतिवेदन कार्यान्वयन इकाई र अन्य ताल्लुक निकायहरुमा पठाउने ।

१६. <u>अपेक्षीत उपलब्धी</u>

(१) प्राङ्गारिक खेती प्रवर्द्धन तथा विस्तारका लागी राष्ट्रिय स्तरमा एउटा बलियो संगठनको गठन भएको हुने

(२) कार्यक्रम सञ्चालन अवधिभर कम्तिमा पाँच वटा बालीहरुको पूर्ण प्राङ्गारीक मूल्य श्रृंखला विकास भएको हुने

[नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं]

(३) कार्यक्रम अवधिमा आधुनिक प्रविधिले सम्पन्न व्यवसायिक प्राङ्गारिक समुह, सहकारी तथा फर्महरु दिगो रुपमा संगठित भएका हुने

(४) प्राङ्गारिक प्रवर्द्धनमा लागेका कृषकहरुले आफ्नै चिन्ह विकास गरि उपभोक्ता माझ पहिचान बनाउन सपल भएमा हुने

(५) प्राङ्गारिक खेतीको उत्पादन तथा उत्पादकत्व वृद्धी गर्ने उत्पादन प्रविधिको विकास भएको हुने

## परिच्छेद ४

## अनुगमन तथा मूल्यांकन सम्वन्धी व्यवस्था

### १७. मिशन कार्यक्रम अनुगमन समितिको गठन तथा कार्य विवरण

(१) मिशन कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्यांकनको लागि कृषि विभाग र अन्तर्गतका निकायहरुमा कार्यरत रा.प. प्रथम श्रेणीका अधिकृतको संयोजकत्वमा देहाय बमोजिमको एक एक अनुगमन समितिको व्यवस्था गरिने छ।

- (क) उपमहानिर्देशक, कृषि विभाग (योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा) - संयोजक
- (ख) प्रमुख, केन्द्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र - उपसंयोजक
- (ग) प्रमुख, प्रदेश कृषि विकास निर्देशनालय (सम्वन्धित प्रदेश) - सदस्य
- (घ) बरिष्ठ कृषि अधिकृत, अनुगमन तथा मूल्याँकन शाखा, कृषि तथा पशुपन्छी मन्त्रालय - सदस्य
- (ङ) बरिष्ठ कृषि अधिकृत, केन्द्रिय आयोजना व्यवस्थापन इकाई, कृषि विभाग - सदस्य सचिव

(२) दफा (१) बमोजिमको मिशन कार्यक्रम अनुगमन समितिको कार्य विवरण देहाय बमोजिमको हुनेछ -

- (क) कार्यान्वयन इकाई र कृषि ज्ञान केन्द्र मार्फत सन्चालन गरिने कृयाकलापहरुको समग्र अनुगमन र मूल्याँकनको व्यवस्था गर्ने,
- (ख) अनुगमनको लागि टोलीहरु गठन तथा परिचालन गरि प्रतिवेदन प्राप्त गर्ने,
- (ग) बाह्य पक्षबाट कार्यक्रम कार्यान्वयनको मूल्याँकन गर्ने व्यवस्था गर्ने,
- (घ) कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्ने,
- (ङ) अनुगमन तथा मूल्याँकन प्रतिवेदन तयार गरि कार्यकारी समिति समक्ष पेश गर्ने ।

### १८. कार्यक्रम सन्चालन प्रक्रिया

(१) मिशन कार्यक्रम सन्चालनको समग्र जिम्मेवारी इकाईको हुने छ ।मिशन कार्यक्रमका दुवै सम्भागका कृयाकलापहरुलाई देहाय वमोजिम दुई भागमा विभाजित गरि सन्चालन गरिने छन् -

सचिव

(क) इकाई मार्फत सन्चालन गरिने

(ख) कृषि ज्ञान केन्द्र मार्फत सन्चालन गरिने

नेपाल सरकार ... तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

## परिच्छेद ५

## सुचना प्रकाशन, प्रस्तावको मूल्याङ्कन तथा छनौट

### १९. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने

(१) यस कार्यक्रमको कार्यान्यवनको लागी प्राप्त वार्षिक वजेट अनुसार कृषि ज्ञान केन्द्रले राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गर्नु पर्नेछ। प्राङ्गारिक खेती गर्ने तथा प्राङ्गारिक उपजको उत्पादन एवम् वजारिकरण गर्न इच्छुक कृषि फार्म तथा कृषक समुह वा कृषि सहकारीले सूचनामा प्रकाशित भए वमोजिमका निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) प्रस्ताव पेश गर्नको लागी आवेदन दिन आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ -

(क) कृषि सम्वन्धि कार्य गर्ने अभिप्रायले दर्ता, नविकरण तथा स्थायी लेखा नम्वर भएको हुनुपर्नेछ।

(ख) खेति गरिने जग्गाको लालपुर्जाको सक्कल तथा नक्कल साथै करारमा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्षको करारनामा हुनु पर्नेछ।

### २०. मुल्याङ्कन समितीको गठन, काम कर्तव्य र अधिकार

(१) प्रस्तावको मुल्याङ्कनको लागी जिल्ला स्तरमा निम्नानुसारको ५ सदस्यीय "प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन समिती" गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिती | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, नजिकको फार्म केन्द्र वा कृषि अनुसन्धान केन्द्र | सदस्य |
| (घ) | वागवानी विकास अधिकृत, कृषि ज्ञान केन्द्र | सदस्य-सचिव |
| (ङ) | प्रतिनिधि, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | आमन्त्रीत-सदस्य |

(२) उपरोक्त समितीको गठन गर्दा कृषि ज्ञान केन्द्रमा वागवानी विकास अधिकृतको पद रिक्त भएको अवस्था वा निज अनुपस्थित भएको अवस्थामा वालि संरक्षण अधिकृत, वालि विकास अधिकृत वा कृषि प्रसार अधिकृत मध्ये वाट तोकिएको क्रम अनुसार नै एक जना सदस्य-सचिव चयन गर्नु पर्नेछ।

(३) "प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन समिती" को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

- प्रस्ताव मुल्याङ्कनको लागी स्थानिय स्तरमा आवश्यकता परेमा यस कार्यविधिमा भएको वाहेक अन्य आन्तरिक मापदण्ड वनाउने।
- पेश भएका प्रस्तावको प्रारम्भिक र विस्तृत मुल्याङ्कन गर्ने।

सचिव

- प्रस्तावको स्थलगत अनुगमन गर्ने वा आवश्यकता परेमा स्थलगत अनुगमनको लागी प्रतिनिधिको व्यवस्था गर्ने।
- मुल्याङ्कनको आधारमा उत्कृष्ट प्रस्तावको योग्यताक्रम निर्धारण गरि छनौट गर्ने।
- छनौट भएका प्रस्ताव अनुसारका कार्यक्रम कार्यान्वयन गराउने।
- अनुदान रकम सिफारिसका लागी **"अनुगमन प्रतिनिधि"** तोक्ने।

२१. <u>प्रस्ताव मूल्यांकनका आधारहरु</u>

(१) प्रस्तावको मुल्याङ्कनका आधारहरु देहाय वमोजिम हुनेछन् -

| क.स. | आधारहरु | अंक भार |
|---|---|---|
| १ | प्रस्तावको आर्थिक पक्ष | १० |
| २ | प्रस्तावको प्राविधिक पक्ष | १० |
| ३ | अनुदानग्राहिको प्राङ्गारिक खेतिमा अनुभव | १० |
| ४ | अनुदानग्राहिको लगानीमा सुनिश्चितता | १० |
| ५ | स्थलगत अनुगमन | |
| ५.१ | वजारमा पहुँच | २० |
| ५.२ | जमिनको उपयूक्तता | २० |
| ५.३ | सिंचाईको उपलब्धता | २० |

(२) प्रस्तावको प्रारम्भिक मुल्याङ्कनको क्रममा दफा १९ वमोजिम न्यूनतम योग्यता नपुगेका र स्थलगत अनुगमनको क्रममा प्रस्ताव गरिएको स्थान प्राविधीक प्रतिवेदनमा उत्पादनको लागी अनुपयुक्त भएका प्रस्तावहरू स्वत रद्द हुनेछन्।

## परिच्छेद ६

## अनुदान रकम स्वीकृति, सम्झौता र अनुदान प्रवाह विधि

२२. <u>अनुदान रकम स्वीकृती र सम्झौता</u>

(१) "प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन समिती" ले छनौट गरेको प्रस्तावलाइ सोहि समितीले आवश्यक देखेमा परिमार्जन गरि सम्वन्धित कृषि ज्ञान केन्द्रमा योग्यताक्रम निर्धारण गरि सम्झौताको लागी सिफारिस गर्नेछ ।

(२) कृषि ज्ञान केन्द्रले सम्बन्धित आ.व.मा उपलब्ध वजेटको परिधिभित्र रही समितिले निर्धारण गरेको योग्यताक्रम अनुसार सम्झौता गर्नेछ।

## २३. अनुदान प्रवाह बिधि

(१) अनुदानग्राहिले सम्झौतामा भएका कम्तिमा ५० प्रतिशत कार्य सम्पन्न गरिसकेपछि वढिमा ५० प्रतिशत रकम "अनुगमन प्रतिनिधि" को सिफारिसमा र बाँकी ५० प्रतिशत रकम अनुदानग्राहिले कार्यसम्पन्न र उत्पादन विक्रि गरिसकेपछी "अनुगमन प्रतिनिधि" को सिफारिसमा सोझै अनुदानग्राहिको खातामा पुरक अनुदान स्वरूप प्रदान गरिनेछ।

(२) अनुदानग्राहिले पालना गर्नु पर्ने न्यूनतम सर्तहरू निम्नानुसार हुनेछन्।

(३) अनुदानग्राहिले उत्पादन हेतु गरिएका सम्पुर्ण क्रियाकलापहरूको अभिलेखीकरण गरेको हुनु पर्नेछ।

(४) अनुदान प्रदान गर्दा उत्पादनलाई ग्रेडिङ्ग तथा प्याकेजिङ्ग गरि ICS, PGS वा अनुसूची ५ बमोजिमको पहिचान चिन्ह लगाएको हुनु पर्नेछ।

## २४. अनुदानग्राहिले पालना गर्नु पर्ने अन्य कुराहरु

(१) अनुदानग्राहिले प्रस्ताव अनुसारका क्रियाकलाप झल्कने गरि होर्डिङ् वोर्ड राख्नु पर्नेछ। साथै गरिने सम्पुर्ण कार्यको अभिलेख दुरूस्त राख्नु पर्नेछ।

(२) कार्य सञ्चानलका क्रममा अनुगमनमा खटीएका निकायको लिखित निर्देशन पालना गर्नु पर्नेछ। साथै अभिलेख देखाउने दायीत्व अनुदानग्राहीको हुनेछ।

(३) अनुदानग्राहीले अनुदान प्राप्त गरिरकेपछी कम्तिमा ५ वर्ष सम्म प्राङ्गारिक कृषि उत्पादनलाई निरन्तरता दिनु पर्नेछ।

(४) अनुदानग्राहीले वालि विमा र उत्पादन विक्री गर्ने कार्य आफैले गर्नु पर्नेछ।

# परिच्छेद ७

# विविध

## २५. कारवाहीको व्यवस्था

(१) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित ऐन नियम बमोजिम कारबाही गरि प्रचलित व्याज सहित असुल उपर गरिनेछ ।

## २६. प्रचलित कानून लागू हुने

(१) यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## २७. कार्यबिधि संशोधन तथा परिमार्जन एवम् खारेजी

(१) कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन र खारेज गर्न सक्नेछ।

सचिव

अनुसूची-४

(कार्यविधिको दफा ७ को उपदफा (२) (क) र दफा २३ को उपदफा (४) संग सम्बन्धित)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## कृषक पहिचान चिन्ह

Group Logo

| | | | | | |
|---|---|---|---|---|---|
| GP | KA | PM | W20 | FID13 | PC01 |

GP = Province Name (Gandaki Province)

KA = District Name (Kaski District)

PM = Municipality name (Pokhara Metro)

W20 = Ward No. (20)

FID13 = Farmers Identity No (13)

PC = Product Cateory (01= Organic Certified Product)

सचिव

(कार्यविधिको दफा ७ को उपदफा (२) को खण्ड (क) बमोजिम)

परिक्षण कार्यक्रममा "प्राङ्गारीक उत्पादन" उत्पादक समूहलाई अनुदान (६० रोपनीको जमिनमा खेतिका लागी)

| क.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (८०%) | अनुदानग्राहिको (२०%) |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि. x १ मि.को २ ओटा, ३.५ मि. x ३ मि.को छाना र १००० गड्यौला) | १२ | २०००० | २४०००० | १९२००० | ४८००० |
| २ | कम्पोष्ट मल, वा गहुत सकलन र भकारो सुधार गर्न | भकारोको आकार ७फिट गुणा १५ फिट, गहुत संकलन ट्याँक १x१x०.५ घन मिटर, छान आदि | १२ | १२००० | १४४००० | ११५२०० | २८८०० |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादन गर्ने सामाग्री | प्लास्टिक ड्रम २०० लि.को २ वटा | २४ | ३००० | ७२००० | ५७६०० | १४४०० |
| ४ | जैविक विषादी, मित्रजिव खरिद, पालन, प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ | ५०००० | १५०००० | १२०००० | ३०००० |
| ५ | नर्सरि स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ | ४८००० | ४८००० | ३८४०० | ९६०० |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ | ५६०००० | ५६०००० | ४४८००० | ११२००० |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ मि. गुणा ३ व.मिको वोर्ड, अड्याउने टेका सहित | २ | २००० | ४००० | ३२०० | ८०० |
| ८ | पहिचान लेखन कार्य | सम्पुर्ण खरिद वा निर्माण गरिएका सामाग्रीमा अनुदान प्राप्त पहिचान उल्लेख गर्नु पर्ने | १ | १५००० | १५००० | १२००० | ३००० |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | १२ | २५०० | ३०००० | २४००० | ६००० |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ | ६०००० | ६०००० | ४८००० | १२००० |
| ११ | उत्पादन संकलन तथा ढुवानी | लेवलिङ्ग सहितको क्रेट, ब्यालेन्स आदी | १ | १५०००० | १५०००० | १२०००० | ३०००० |
| १२ | अभिलेखिकरण र प्रतिवेदन तयारी | ICS Manual निर्माण, अभिलेखिकरण राख्ने, | १ | ३७००० | ३७००० | २९६०० | ७४०० |
| १३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि रु ३ हजार २ सय जुन कम हुन्छ उक्त रकम | ६० | ३२०० | १९२००० | १९२००० | ० |
| | | कुल जम्मा | | | १७०२००० | १४०००० | ३०२००० |

सचिव

अनुसूची [illegible] ([illegible])

(कार्यविधिको दफा ७ को [illegible] को खण्ड (ख) र (ग) बमोजिम)

खुल्ला जमिनमा "प्राङ्गारीक उत्पादन" उत्पादक खर्च अनुदान (पाँच रोपनीको खुल्ला जमिनको खेतिका लागी)

| क्र.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (८०%) | अनुदानग्राहिको (२०%) |
|---|---|---|---|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिविड निर्माण (३मि. x १ मि.को २ ओटा, ३.५ मि. x ३ मि.को छाना र १००० गड्यौला) | १ | २०००० | २०००० | १६००० | ४००० |
| २ | कम्पोष्ट मल, वा गहुत सकलन र भकारो सुधार गर्न | भकारोको आकार ७फिट गुणा १५ फिट, गहुत संकलन ट्याँक १x१x०.५ घन मिटर, छान आदि | १ | १२००० | १२००० | ९६०० | २४०० |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादन गर्ने सामाग्री | प्लास्टिक ड्रम २०० लि.को २ वटा | २ | ३००० | ६००० | ४८०० | १२०० |
| ४ | जैविक विषादी, मित्रजिव खरिद, पालन, प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ | २००० | ६००० | ४८०० | १२०० |
| ५ | नर्सीर स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ | ४००० | ४००० | ३२०० | ८०० |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ | ४०००० | ४०००० | ३२००० | ८००० |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ मि. गुणा ३ व.मिको वोर्ड, अड्याउने टेका सहित | १ | २००० | २००० | १६०० | ४०० |
| ८ | पहिचान लेखन कार्य | सम्पुर्ण खरिद वा निर्माण गरिएका सामाग्रीमा अनुदान प्राप्त पहिचान उल्लेख गर्नु पर्ने | | १००० | १००० | ८०० | २०० |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | २ | २५०० | ५००० | ४००० | १००० |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ | ५००० | ५००० | ४००० | १००० |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन वनाउन र पेश गर्न | १ | ५००० | ५००० | ४००० | १००० |

सचिव

| क्र.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (८०%) | अनुदानग्राहिको (२०%) |
|---|---|---|---|---|---|---|---|
| १२ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ५ | ३००० | १५००० | १५००० | ० |

अनुसूची ३ (ख)

(कार्यविधिको दफा ७ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम)

"प्राङ्गारीक उत्पादन" उत्पादक खर्च अनुदान (१५०० वर्ग मिटर टनेलमा सुधार गरी खेतिको लागी)

| क्र.स. | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान (८०%) | अनुदानग्राहिको (२०%) |
|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्ला जमिनमा "प्राङ्गारीक उत्पादन" उत्पादक खर्च अनुदानको वुदाँ १ देखि ११ सम्म | १ | १०६००० | १०६००० | ८४८०० | २१२०० |
| २ | Insect net लगाउने | टनेललाइ ढाक्ने गरि ४० Mesh को UV Protected Insect Net | १ | ३००००० | ३००००० | १८०००० | १२०००० |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ३ | ३००० | ९००० | ९००० | ० |
| | कुल जम्मा | | | | ४१५००० | २७३८०० | १४१२०० |

नोटः Insect net लगाउने कार्यको लागी वढिमा ६० प्रतिशत अनुदान हुनेछ

## अनुसूची ३ (ग)

(कार्यविधिको दफा ७ को उपदफा [illegible] को खण्ड (ख) र (ग) बमोजिम)

"प्राङ्गारीक उत्पादन" उत्पादक खर्च अनुदान (१५०० वर्ग मिटर टनेलमा खेतिको लागी)

| क्र.स | विवरण | स्पेसिफिकेशन | परिमाण | दर | रकमं रु | अनुदान (८०%) | अनुदानग्राहिको (20%) |
|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्ला जमिनमा "प्राङ्गारीक उत्पादन" उत्पादक खर्च अनुदानको बुदाँ १ देखि ११ सम्म | १ | १०६००० | १०६००० | ८४८०० | २१२०० |
| २ | बासको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर | स्पेसिफिकेशन तल तालिकामा दिइएको छ जुन वढिमा प्रति व.मि. ३६० हुनेछ | १ | ७००००० | ७००००० | ५६०००० | १४०००० |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ३ | ३००० | ९००० | ९००० | ० |
| | कुल जम्मा | | | | ८१५००० | ६५३८०० | १६१२०० |

सचिव

अनुसूची (घ)

(कार्यविधिको दफा ७ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम)

बासको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक निर्माणको स्पेसिफिकेशन

| क स | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक, इन्सेक्ट नेट र मल्चिङ प्लाष्टिक | · ९० GSM वा सो भन्दा बढीको सिल्पोलिन वा २०० माइक्रोनको UV प्लास्टिक |
| | | · इन्सेक्ट नेट अनिवार्य लगाउनु पर्ने |
| | | · मल्चिङ प्लास्टिक अनिवार्य लगाउनु पर्ने |
| २ | बाँस | · खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगो टिङ्गो नभइ सोझो हुनु पर्नेछ |
| | | · धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएको हुन सक्नेछ |
| ३ | उचाइ तथा चौडाइ | · धुरी खामोको उचाइ ४ मिटर जसमध्ये ६० से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | · छेउको खामोको उचाइ ३ मिटर जसमध्ये ६० से. मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | · चौडाइ आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनु पर्ने तर ७ देखी १० मिटर भन्दा बढि हुनु नहुने । |

सचिव